# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल


प.सं. : २०७४/०७५
च.नं.

मिति : २०७४/१०/२९

विषय :- आवधिक गाउँपालिका विकास योजना तर्जुमा
सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/१०/२९

यस कार्यालयबाट स्वीकृत कार्ययोजना र कार्यविवरण अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाका साझेदार तथा सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामूलक तरिकाबाट विषयगत योजना, लक्ष्यमा आधारित भएर पञ्चवर्षिय (२०७५/०७६-२०७९/०८०) अवधिको लागि आवधिक गाउँपालिका विकास योजना तर्जुमा गर्नुपर्ने भएको हुँदा प्राविधिक सहयोग तथा परामर्श सेवा प्रदान गर्न इच्छुक पेशागत दक्षता तथा सम्बन्धित विषय क्षेत्रमा अनुभव भएका व्यवसायिक फर्म/परामर्शदाताबाट १५ (पन्ध्र) दिन भित्र निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१.गत आ.व.मा नविकरण सहितको इजाजत-पत्र, करचुक्ता प्रमाणपत्र, आयकर/मू.अ.करमा दर्ता प्रमाण र व्यक्तिको हकमा पान दर्ताहरुको प्रतिलिपि संलग्न राखी निवेदन दिई दस्तुर रु.१,०००।- (एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयबाट (TOR) कार्यविवरण खरिद गर्न सकिनेछ ।

२. यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र कार्यविवरण खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भालिपल्ट हुनेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी प्रस्तावनापत्र राखिएको खाम बाहिर "कार्यालयको नाम र आवधिक गाउँपालिका विकास योजना तर्जुमा " भन्ने शब्द लेखि सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टाछुट्टै हुनुपर्नेछ ।

५.यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्तावना पत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र प्रस्तावपत्रदाताहरुको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाताहरु अनुपस्थित रहेमा पनि प्रस्तावनापत्र खोल्न बाधा पर्ने छैन ।

६. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७.कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

८.सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको प्रस्तावनापत्रमा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको प्रस्तावनापत्र उपर कुनै कारवाही गरिने छैन ।

९.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सा.ख.ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

१०.थप बुझ्नु परेमा फोन नं. ०२४-४१००४८, ०२४-४१००४९, ९८५२६८६६९९ र ९८४४६२१५८० मा सम्पर्क राख्न सक्नु हुनेछ ।

११.खरिद गरिने आवधिक गाउँपालिका विकास योजना तर्जुमा सम्बन्धी विवरण कार्यविवरणमा संलग्न राखिनेछ ।

१२. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

आपूर्ति गर्नुपर्ने सामान :

| ठेक्का नं. | कामको विवरण | मू.अ.कर समेत ल.ई. रकम रु. | कैफियत |
|---|---|---|---|
| YRM/SQ/S/01-2074-075 | आवधिक गाउँपालिका विकास योजना तर्जुमा | १०,००,०००।- | |

०७४/१०/२९

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत